आज मिति २०७८ साल भाद्र ३१ गते विहिबार विहान ८.०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री तिलक राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री तिलक राई | प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री मञ्जु भण्डारी सुवेदी | उप-प्रमुख | धरान उपमहानगरपालिका | |
| ३. | श्री रोषन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री मानबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जिवन सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री रुद्र बहादुर लिम्बू | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री बावुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सुवास राई | नगर कार्यपालिकाका सदस्य | धरान-१७ | |
| २६. | श्री गिता पाख्रिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २७. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २८. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २९. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| ३०. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |
| ३१. | श्री विदुरप्रसाद खनाल | प्रमुख प्रशासकीय अधिकृत | धरान उपमहानगरपालिका | |

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | प्रेम कु. [illegible] | का.व्या | |
| २. | [illegible] | का.व्या | |
| ३. | हरि ब. राई | [illegible] | |
| ४. | रत्न बहादुर कटुवाल | उप-[illegible] | |
| ५. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

१. **बैठकको गणपुरक संख्या र मौन धारण सम्बन्धमाः–**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २४ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुदाँ अध्यक्ष वाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो ।

२. **अघिल्ला बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमाः–**

यस भन्दा अघि मिति २०७८/०५/१ गते कार्यपालिकाको बैठक बसेको र उक्त वैठकबाट ११ वटा निर्णयहरु भएका थिए ।ती निर्णयहरूमा लकडाउन गर्ने सम्बन्धी निर्णय कार्यान्वयन हुन सकेन । सरोकारवालाहरू संग लकडाउन गर्ने बिषयमा छलफल गर्दा पहिले कोरोना रोकथामकालागि स्वास्थ्यका मापदण्ड पालना गराउने लगायतका बैकल्पीक ब्यबस्था अबलम्बन गर्ने र त्यति गर्दा पनि कोरोना भाइरस रोकथाम नभएमा मात्र लकडाउन गर्ने भन्ने सुझाब प्राप्त भएकाले सो निर्णय कार्यान्वयन हुन सकेन । त्यस्तै निर्णय नम्बर ४ को जलाधार क्षेत्र बाहेकका रोक्का भएका जग्गाहरू फुकुवा गर्न सिफारिस गर्न गठित समितिले दिएको प्रतिवेदन पनि कार्यान्वयन हुन सकेन । किनकी सबै कार्यपालिकाका सदस्यहरूले जलाधार क्षेत्रको स्थलगत अबलवोकन गरी नसकेकाले कार्यान्वयन नभएको र यो वाहेक अन्य सबै निर्णयहरु कार्यान्वयन भएको बैठकमा जानकारी भयो ।

३. **ग्रास्वाकाहरुको करार सम्झौता सम्बन्धमा :–**

वडा नं. ६, १६ र १७ का आधारभुत स्वास्थ्य केन्द्रहरुमा रिक्त रहेको अनमि सहायक चौथो तहको दरबन्दीमा अन्तर्वार्ता र सूचिकरण समितिको सिफारिस अनुसार हाल सोहि स्वास्थ्य संस्थाहरुमा कार्यरत तपसिलका ग्रास्वाकाहरुलाई २०७८ असोज १ गते देखी करार गरिदिने निर्णय गरियो ।

**तपसिल**

रमा कर्मी- आधारभुत स्वास्थ्य केन्द्र धरान-१६

प्रमिला राई- आधारभुत स्वास्थ्य केन्द्र धरान-१७

इन्दु कार्की कटुवाल- आधारभुत स्वास्थ्य केन्द्र धरान-६

४. **खरिद शाखा गठन सम्बन्धमा :–**

यस उपमहानगरपालिकाको स्वीकृत संगठन संरचनामा भण्डार तथा खरिद शाखा एकै ठाँउमा रहेकोमा खरिद सम्बन्धी कार्यलाई प्रभावकारी र एकद्वार बनाउँन सार्वजनिक खरिद ऐन दफा २०६३ को दफा ७ को उपदफा ३ एवम् सार्वजनिक खरिद नियमावली २०६४ को दफा १६ को १ बमोजिम छुट्टै खरिद शाखा स्थापना गर्ने निर्णय गरियो ।

५. **आ.व. ०७८/०७९ का लागि सुचिकृत वेरोजगारहरुको नामवली स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आ.व. २०७८/०७९ मा रोजगार प्रदान गर्ने प्रयोजनका लागि विभिन्न वडाहरुबाट प्राप्त बेरोजगार व्यक्तिहरुको सफ्टवेयर प्रविष्ट भएका ४९१ जनाको नामावली स्वीकृत गर्ने निर्णय गरियो ।स्वीकृत नामावली छुट्टै प्रमाणित गरि राखिने साथै नामवली प्रकाशनका लागि सबै वडाहरुमा पठाउने निर्णय गरियो ।

६. **प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजना छनौट सम्बन्धमा :–**

यस उपमहानगरपालिकाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमकालागि विभिन्न वडावाट प्राप्त भएका र मिति २०७८।०५।२३ गते स्थानीय निर्देशिक सहजीकरण समितिको बैठकवाट सिफारिस भएका योजनाहरू स्वीकृत गरी कार्यान्वयन गर्दै जाने र बाँकी वडाहरूवाट योजना प्राप्त भए पछि आगामी कार्यपालिका बैठकमा पेश गर्ने समेत निर्णय गरियो । स्वीकृत भएका कार्यक्रम पछाडि टांसगरी प्रमाणित गरिएको छ ।

७. भौतिक रूपमा विद्यालयहरू संचालन गर्ने सम्बन्धमा :–

हाल विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसका कारण विध्यालयहरू लामो समयदेखि बन्द रहेका कारण बालबालिकाहरूको पठन पाठनमा बाधा भै रहेकोमा अभिभावक तथा विध्यार्थीहरूका संगठनहरूवाट समेत भौतिक रूपमा बिद्यालय संचान गर्ने व्यबस्थाको माग गर्दै ज्ञापनपत्र समेत बुझाएका छन भने **DCCMC** सुनसरीको मिति २०७८।०५।२० गते बसेको बैठकवाट विद्यालय संचालन गर्ने सम्बन्धमा निर्णय गर्ने अधिकार स्थानीय तहलाई दिएकाले विद्यालयहरू भौतिक रूपमा संचालन गर्ने सम्बन्धमा आजको बैठकमा वृहत छलफल गरियो । कोरोना भाईरसको संक्रमण हाल सम्म हटी नसकेको, बालबालिकाहरूलाई कोरोना विरूद्धको भ्याक्सिन समेत नगाएको, दशै तिहार जस्ता चाडपर्व आउदै गरेकाले विध्यालयहरू विदाहुने अबस्था रहेको र स्वास्थ्य मन्त्रालयवाट समेत विद्यालयहरू भौतिक रूपमा संचालन गर्न हतार नगर्न विज्ञप्ती समेत जारी गरेको बिषयलाई मध्यनजर गर्दै दशै तिहार पछिमात्र भौतिक रूपमा विद्यालय संचालन गर्ने व्यबस्था गर्ने र निर्धारित समय अगाडी विद्यालय खुलेको नखुलेको अनुगमन र समन्वय गर्ने जिम्मेवारी सम्बन्धित वडाका वडाध्यक्षलाई दिने निर्णय गरियो ।

८. विद्यालयहरूको स्तर बृद्धि अनुमति सम्बन्धमा :–

धरान नगर क्षेत्रमा संचालन भएका विभिन्न विद्यालयहरूले स्तर उन्नती अनुमति पाउ भनी पेश गरेको निवेदनका सम्बन्धमा सम्बन्धित महाशाखावाट स्थलगत अनुगमन र पेश गरेका कागजातहरू समेतका अध्ययन गरी पेश गरेको प्रतिवेदन समेतका आधारमा तपशिलका विद्यालयहरूलाई तपशिल अनुसार स्तरबृद्धिको अनुमति दिने निर्णय गरियो ।कुनै कुनै विद्यालयहरुले कानून विपरित विज्ञापन गरेको भन्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| संयोजक | -टंकबहादुर राई, वडाध्यक्ष वडा नं. १२ |
| सदस्य | -नेत्र काफ्ले, वडाध्यक्ष वडा नं. १३ |
| सदस्य | -नरेन्द्रकुमार राई, वडाध्यक्ष वडा नं. १८ |
| सदस्य सचिव | -वडा सचिव, वडा नं. १२ |

**तपशिल :–** विवरण पछाडि टांसगरी प्रमाणित गरिएको छ ।

९. संस्थागत विद्यालयहरूले लिने शुल्क सम्बन्धमा :–

विद्यालय संचालक, संस्थापक तथा अभिभावकहरूका विचमा आपसी सहमति तथा समझदारी भएको खण्डमा सोहि बमोजिम मासिक तथा बार्षिक शुल्क कायम गर्ने । सहमति तथा समझदारी नभएको खण्डमा देहाय अनुसार शुल्क कायम गर्ने निर्णय गरियो ।

| क्रस | गत वर्षको वार्षिक शुल्क | चालु वर्षमा लिन पाउने अधिकतम वार्षिक शुल्क | कैफियत |
|---|---|---|---|
| १ | रु. ५०००/- (पाँच हजार) सम्म शुल्क कायम भएका विद्यालयहरुले | १००% | गत वर्ष जति कायम भएको छ सोहि बराबर मात्र लिन पाउने |
| २ | रु. ५०००/- (पाँच हजार) भन्दा माथि रु. १००००/- (दस हजार) सम्म | ८०% | प्रतिशतबाट गणना गर्दा रु. ५०००/-(पाँच हजार) भन्दा घटी भएमा न्यूनतम रु. ५०००/-(पाँच हजार) लिन पाउने |
| ३ | रु. १००००/- (दस हजार) भन्दा माथि रु. २०००० (विस हजार) सम्म | ६०% | प्रतिशतबाट गणना गर्दा रु. ८०००/-(आठ हजार) भन्दा घटी भएमा न्यूनतम रु. ८०००/-(आठ हजार) लिन पाउने |
| ४ | रु. २००००/- (विस हजार) देखि माथि जतिसुकै भएपनि | ५०% | अधिकतम रु. १४०००/-(चौध हजार) मा नबढ्ने गरी वार्षिक शुल्क लिने । |

अनलाइन कक्षा सञ्चालन गरेका विद्यालयहरुले अनलाइन कक्षामा सहभागी भएमा विद्यार्थीहरुबाट मात्र मासिक शुल्क ७०(सत्तरी) प्रतिशत मासिक शुल्क लिन पाउने ।

१०. धरान १७ स्थित सप्तरंगी पार्कको संचालन व्यबस्थापन सम्बन्धमा :–

यस उपमहानगरपालिकाको स्वामीत्वमा रहेको धरान सप्तरंगी पार्कको निर्माण तथा संचालनकालागि २५ बर्षको समयाबधी राखी नीजि क्षेत्रवाट प्रस्ताव मागगरी सूचना प्रकासन गर्ने निर्णय गरियो ।

११. स्थानीय पाठ्यक्रम स्वीकृत गरी लागू गर्ने सम्बन्धमा :–

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र स्थानीय सरकार संचालन ऐन २०७४ मा ब्यबस्था भए अनुसार स्थानीय तहहरूले आधारभूत तहमा ( कक्षा १ देखि ८ ) मा स्थानीय पाठ्यक्रम तयार गरी पठन पाठन गराउनु पर्ने भएकाले धरान उपमहानगरपालिका वाट स्थानीय पाठ्यक्रम तयार गरी पेश गर्न सह प्राध्यापक राजेन्द्र शर्माको संयोजकत्वमा गठन गरेको स्थानीय पाठ्यक्रम निर्माण कार्यदलले तयार गरी पेश गरेको कक्षा १ र ६ को पाठ्यक्रम आजको बैठकमा पेश भै छलफल गरियो । सो पश्चात उक्त २ वटा कक्षाका पाठ्यक्रम स्वीकृत गरी चालु शैक्षिक सत्रवाट लागू गर्ने निर्णय गरियो ।

१२. सुझाब समितिको प्रतिवेदन सम्बन्धमा :–

यस उपमहानगरपालिकाको भवन तथा योजना मापदण्डमा मन्दिर क्षेत्रको वरिपरीको सडक अधिकार क्षेत्र बढी भयो भनी जनगुनासो आएको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७८।०५।०१ गतेको कार्यपालिका बैठकवाट वडा नं.१४ का वडाध्यक्षको अध्यक्षतामा गठित समितिको प्रतिवेदन आजको बैठकमा पेश भै छलफल गरियो ।उक्त समितिको प्रतिवेदनलाई क्रमश कार्यान्वयन गर्दै जाने र मठमन्दिर वरिपरिको सडक अधिकार क्षेत्र सम्बन्धमा समितिको सिफारिस अनुसार तपशिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

तपशिल :–

(क) वडा नं. १४ को पिण्डेश्वर मन्दिर वरिपरि १०० मीटर

(ख) बुढासुब्बा, दन्तकाली र पञ्चकन्या मन्दिरको हकमा १०० मिटर

(ग) वडा नं. २० को सुलिकोट सिद्धपोखरी क्षेत्रमा १०० मिटर

(घ) वडा नं. २० को विष्णुपादुका मन्दिर वरिपरी १०० मिटर

१३. बाटोको नाम परिवर्तन सम्बन्धमा ।

धरान उपमहानगरपालिका वडा नं. ११ को संघर्ष चोक देखि दक्षिण विष्णु चोक उत्तर ठाडो साविकको सृजना सोलिङ्ग मार्गको नाम परिवर्तनका लागि उक्त सडकका उपभोक्ता र वडा कार्यालयको समेत सिफारिस प्राप्त भएकोमा उक्त वाटोको नाम परिवर्तन गरी माग अनुसार मितेरी मार्ग नामाकरण गरिदिने निर्णय गरियो ।

१४. विविध

क. सहयोग सम्बन्धमा :–

यस नगर क्षेत्रका बसोबास गर्ने नागरिकहरू गम्भिर रूपमा विरामी भै उपचारको लागि सहयोग माग भै पर्न आएका निवेदन साथै सम्बन्धित वडावाट भएको सिफारिसका आधारमा तपशिल अनुसार उपचार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१. धन बहादुर कट्वाल , धरान ६ , क्यान्सर उपचार सहयोग रू २५,०००।

२. डेविट सुब्बा , धरान १५, मोटर साईकल दुर्घटनामा परेको उपचार सहयोग रू २०,०००।

३. अशोक पोखरेल, धरान-१४, उपचार सहयोग रु. १५०००/-

ख. असाधारण विदा स्वीकृत सम्बन्धमा ।

यस उपमहानगरपालिकाको भवन नक्शा पास शाखामा कार्यरत ईन्जिनियर सुस्मिता घिमिरेले २०७८/०९/२१ गते देखी २ वर्षका लागि असाधारण विदा स्वीकृत गरिपाउँ भनी दिएको निवेदन दिएकोमा सम्बन्धी शाखाको सिफरिस समेतको आधारमा स्थानीय स्वयत्ता शासन (आठौं संशोधन) नियमावली २०७३ को नियम २५० बमोजिम २०७८/०९/२१ गते देखी लागु हुने गरि १ वर्षको असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

ग. संविधान दिवस मनाउँने सम्बन्धमा ।

यहि मिति २०७८/०६/०३ गते विहान धरान उपमहानगरपालिकाको प्राङ्गडमा संविधान दिवस सम्बन्धी कार्यक्रम राखी

घ. माछाभौडी पार्कमा फुलबारी माली राख्ने सम्बन्धमा ।

यस उपमहानगरपालिकाको वडा नं. ३ र २ को सिमानामा रहेको माछाभौडी पार्कको व्यवस्थापनका लागि पार्कमा फुलबिरुवा रोप्न, गोडमेल गर्न धरान-३ निवासी मदन गिरीलाई महिनामा १५ दिनको ज्याला पाउँने गरि डोर हाजिरीमा फुलबारी मालिको काम गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

आजको वैठक दिउसो ११:४५ वजे समाप्त भयो ।

वैठकको निर्णय माईनटर्ने : वरिष्ठ प्रशासकीय अधिकृत, गणेश प्रसाद खतिवडा ।

| | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालनका लागि छनौट भएका वडागत आयोजना |
|---|---|
| क स | आयोजनाको नाम |
| वडा ४ | |
| १ | खैरेनीटार देखि लामीचौरी जोडने पदमार्ग निर्माण |
| २ | शिवजट्टा देखि सिंहदेवी गुफा जाने पदमार्ग निर्माण |
| वडा ६ | |
| १ | सुनौलो बस्ती पोखरा खोला कलभर्ट निर्माण |
| वडा १३ | |
| १ | १३ नं वडाको कार्यालयमा सार्वजानिक शौचालय निर्माण |
| २ | लक्ष्मीचौकदेखि सत्यसाई स्कुलसम्म खहरे सरसफाई |
| ३ | अमर आधारभूत विद्यालयको नवनिर्मित भवन पछाडी भुक्षय नियन्त्रण |
| वडा १४ | |
| १ | सेउती खोला किनार तटबन्ध निर्माण |
| २ | १४ नं वडाका सडकहरुको नाली सरसफाई तथा सामान्य मर्मत |
| ३ | बाबाधाम मार्ग पहिरो क्षेत्रमा ड्रेन निर्माण |
| वडा १६ | |
| १ | तारा सुब्बा स्मृति पार्क व्यवस्थापन |
| २ | जोरसखुवा खानेपानी व्यवस्थापन |
| ३ | ढल /ड्रेन सरसफाई कार्यक्रम |
| वडा १७ | |
| १ | वडा स्थित सार्वजानिक स्थल सामुदायिक विद्यालय सामुदायिक वनहरु आदिमा फलफूल लगायत अन्य बृक्षरोपण तथा संरक्षणका आयोजना |
| २ | वडा क्षेत्रका सडकहरुको ड्रेन/खोल्सी आदिको फोहरमैला व्यवस्थापन तथा सफाई कार्य |
| ३ | पार्क सार्वजानिक स्थल स्थानीय पदमार्गहरुको झाडी/जंगल काँटछाट तथा सरसफाई कार्य |
| वडा १८ | |
| १ | पार्क संरक्षण |
| वडा २० | |
| १ | मनमोहन बाल उद्यान सुन्दरीकरण देवीगाउ |
| २ | बि.पी.पार्क उत्तर बुडाहाङ्ग मार्ग मर्मत सम्भार तथा स्तर उन्नती |
| ३ | देवीगाउ देखि विष्णुपादुका मन्दिर तिर जाने सडक खण्डमा पुरिएको ड्रेन खोल्ने पहिरो द्वारा सडकमा |

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | माग गरेको कक्षा | विद्यालयको किसिम | चाहिएको आवश्यक न्यूनतम पूर्वाधार | स्थलगत निरीक्षणबाट प्राप्त राय/सुझाव |
|---|---|---|---|---|---|
| | | | | १,कक्षा थप माग गरेको निवेदन २,सम्बन्धित वडाको सिफारिस पत्र ३,नजिकका २ वटा विद्यालयको सहमति पत्र ४, आधिकारिक विद्यालय व्यवस्थापन समितिको निर्णय ५,भौतिक पूर्वाधार ६,माग गरेको कक्षाको लागि ऐनमा व्यवस्था भए अनुसारको विषयगत शिक्षकको नियुक्ति ७, विद्यार्थी संख्या ८, आर्थिक विवरण र (माथिका बुँदा बाहेक कम्पनी वा शैक्षिक गुठीको प्रवन्ध पत्र र नियमावली संस्थागतले) | |
| १ | श्री देउराली चिल्ड्रेन एकेडेमी धरान ५ | १० | संस्थागत | माथि उल्लेखित पूर्वाधारहरु पुरा भएको देखिएको | कक्षा १० थप गर्न उपयुक्त देखिएको |
| २ | श्री विजयपुर मावि धरान १ | ४ | संस्थागत | ऐ. ऐ. | कक्षा ४ थप गर्न उपयुक्त देखिएको |
| ३ | श्री राईजिङ ईङ्लिस स्कुल धरान ५ | ६ | संस्थागत | ऐ. ऐ. | कक्षा ६ थप गर्न उपयुक्त देखिएको |
| ४ | श्री देउराली पञ्चकन्या विलिभर्स ई. स्कुल धरान ५ | ७ | संस्थागत | ऐ. ऐ. | कक्षा ७ थप गर्न उपयुक्त देखिएको |
| ५ | श्री समानता एकेडेमी धरान १५ | ५ | संस्थागत | ऐ. ऐ. | कक्षा ५ थप गर्न उपयुक्त देखिएको |
| ६ | श्री उज्वल तारा एकेडेमी धरान ६ | ५ | संस्थागत | ऐ. ऐ. | कक्षा ५ थप गर्न उपयुक्त देखिएको |
| ७ | श्री ऋषिकुल विद्यापिठ धरान १४ | ४ | सामुदायिक | ऐ. ऐ. | कक्षा ४ थप गर्न उपयुक्त देखिएको |
| ८ | धरान ई.बो.स्कुल धरान ५ | ४ | संस्थागत | वडा कार्यालयको सिफारिस नभएको | कक्षा ४ थप गर्न उपयुक्त नदेखिएको |
| ९ | हेब्रोन ई.बो.स्कुल धरान ६ | ७ | संस्थागत | माथि उल्लेखित पूर्वाधारहरु पुरा भएको देखिएको | कक्षा ७ थप गर्न उपयुक्त देखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम र ठेगाना | माग गरेको कक्षा | विद्यालयको किसिम | चाहिएको आवश्यक न्यूनतम पूर्वाधार | स्थलगत निरीक्षणबाट प्राप्त राय/सुझाव |
| १० | आईडियल ई.बो.स्कुल धरान १४ | १२ | संस्थागत | ऐ. ऐ. | व्यवस्थापन समूहका विषयहरु रहने गरी कक्षा १२ थप गर्न उपयुक्त देखिएको |
| ११ | सहिद स्मृति मावि धरान ८ | १२ | सामुदायिक | ऐ. ऐ. | व्यवस्थापन समूहका विषयहरु रहने गरी कक्षा १२ थप गर्न उपयुक्त देखिएको |
| १२ | जोल साय एकेडेमी धरान ११ | ५ | संस्थागत | ऐ. ऐ. | कक्षा ५ थप गर्न उपयुक्त देखिएको |
| १३ | हिमालयन बो.ई.स्कुल धरान १२ | १२ | संस्थागत | ऐ. ऐ. | विज्ञान समूहका विषयहरु रहने गरी कक्षा १२ र व्यवस्थापन समूहका विषयहरु रहने गरी कक्षा ११ थप गर्न उपयुक्त देखिएको |
| १४ | सुनाखरी एकेडेमी धरान १२ | १२ | संस्थागत | ऐ. ऐ. | व्यवस्थापन समूहका विषयहरु रहने गरी कक्षा १२ थप गर्न उपयुक्त देखिएको |
| १५ | लोटस विद्या विहार धरान १३ | १२ | संस्थागत | ऐ. ऐ. | व्यवस्थापन समूहका विषयहरु रहने गरी कक्षा १२ थप गर्न उपयुक्त देखिएको |
| १६ | आशा एकेडेमी धरान ६ | ७ | संस्थागत | ऐ. ऐ. | कक्षा ७ थप गर्न उपयुक्त देखिएको |
| १७ | आवर होम ई.स्कुल धरान १९ | ९ | संस्थागत | ऐ. ऐ. | कक्षा ९ थप गर्न उपयुक्त देखिएको |
| १८ | कार्मेल हाई स्कुल धरान १८ | २ | संस्थागत | ऐ. ऐ. | कक्षा २ थप गर्न उपयुक्त देखिएको |
| १९ | सिद्वार्थ शिशु सदन धरान १६ | १० | संस्थागत | ऐ. ऐ. | कक्षा १० थप गर्न उपयुक्त देखिएको |
| २० | एप्पल मन्टेश्वरी धरान ११ | ३ | संस्थागत | ऐ. ऐ. | कक्षा ३ थप गर्न उपयुक्त देखिएको |
| २१ | हिविस्कस ई बोडिङ् स्कुल धरान १५ | ११ | संस्थागत | ऐ. ऐ. | विज्ञान समूहका विषयहरु रहने गरी कक्षा ११ थप गर्न उपयुक्त देखिएको |
| २२ | सूर्योदय आवि धरान | ५ | सामुदायिक | ऐ. ऐ. | कक्षा ५ थप गर्न उपयुक्त देखिएको |
| २३ | विद्या भुषण स्कुल धरान ८ | ११ | संस्थागत | ऐ. ऐ. | विज्ञान समूहका विषयहरु रहने गरी कक्षा ११ थप गर्न उपयुक्त देखिएको |
| २४ | हाम्रो मन्टेश्वरी धरान १ | पूर्व प्रावि | संस्थागत | ऐ. ऐ. | पूर्व प्रावि सञ्चालन गर्न उपयुक्त देखिएको |

| क.सं. | विद्यालयको नाम र ठेगाना | माग गरेको कक्षा | विद्यालयको किसिम | चाहिएको आवश्यक न्यूनतम पूर्वाधार | स्थलगत निरीक्षणबाट प्राप्त राय/सुझाव |
|---|---|---|---|---|---|
| २५ | चिल्ड्रेन हाउस मन्ट्श्वरी धरान १५ | २ | संस्थागत | ऐ. ऐ. | कक्षा २ थप गर्न उपयुक्त देखिएको |
| २६ | सियोन स्कुल धरान १६ | ११ | संस्थागत | ऐ. ऐ. | कक्षा ११ मा कम्प्युटर विज्ञान विषय थप गर्न उपयुक्त देखिएको |
| २७ | पञ्चकन्या मावि धरान १७ | ११ | सामुदायिक | ऐ. ऐ. | व्यवस्थापन र शिक्षा समूहका विषयहरु रहने गरी कक्षा ११ थप गर्न उपयुक्त देखिएको |
| २८ | पिण्डेश्वर वालविकास केन्द्र धरान १४ | पूर्व प्रावि | सामुदायिक | माथि उल्लेखित पूर्वाधारहरु पुरा भएको नदेखिएको | पूर्व प्रावि सञ्चालन गर्न उपयुक्त नदेखिएको |
| २९ | जेनिथ ई स्कुल धरान १६ | ११ | संस्थागत | माथि उल्लेखित पूर्वाधारहरु पुरा भएको देखिएको | व्यवस्थापन समूहका विषयहरु रहने गरी कक्षा ११ थप गर्न उपयुक्त देखिएको |
| ३० | लोटस विद्या विहार धरान १३ | ११ | संस्थागत | ऐ. ऐ. कागजात सहित लोटस ई बोडिङ् स्कुल नाम कायम गर्न | नाम परिवर्तन गर्न उपयुक्त देखिएको |
| ३१ | धरान पिस एन्जल एकेडेमी धरान ११ | २ | संस्थागत | ऐ. ऐ. कागजात सहित उक्त विद्यालय वडा नं ८ मा ठाउँसारी गर्न | ठाउँसारी गर्न उपयुक्त देखिएको |